नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
नारायणी अस्पताल
वीरगंज, पर्सा

फोन नं. ०५१- ५२१९९३ (कार्यालय)
५२२१५३ (इमरजेन्सी)
५२१२१९ (प्रसुती)
५२१०५३ (ICU)

पत्र संख्याः- २०८३।०८४
चलानी नं. १२८४

मितिः-२०८३।०७।१३

विषयः- BID ADDENDUM गरिएको सूचना सम्बन्धमा ।

प्रस्तुत विषयमा यस अस्पतालको आ.ब.०८३।८४ को लागि आवश्यक सुरक्षा गार्डको आपूर्ती सम्बन्धमा मिति २०८३।०६।२७ मा भएको बोलपत्र (NH/NCB/GOODS/083/084/01)मा तपशील बमोजिमको विवरण थप गरी संशोधन गरिएको व्यहोरा अनुरोध छ ।

तपशील

१. दर रेट पेश गर्दा सुरक्षा गार्डहरुलाई प्रदान गरिने मासिक पारिश्रमिक तथा सेवा सुविधासहितको कुल रकमको न्युनतम ५(पाँच) प्रतिशत देखि अधिकतम १०(दश) प्रतिशत सम्म सेवा शुल्क उल्लेख गरी अनिवार्य रुपमा बोलपत्र पेश गर्नुपर्नेछ ।निर्धारित सिमाभन्दा कम अर्थात ५(पाँच) प्रतिशत भन्दा कम वा निर्धारित सिमाभन्दा बढी अर्थात् १०(दश) प्रतिशत भन्दा बढी सेवा शुल्क कबोल गरी बोलपत्र पेश गरेमा त्यस्तो बोलपत्रदाताको बोलपत्र अयोग्य मानी मूल्यांकन प्रक्रियाबाट हटाइनेछ । साथै सेवा प्रदायकले सरसफाइकर्मीहरुलाई आवश्यक पर्ने युनिफर्म,टर्चलाईट तथा सोमा लाग्ने ब्याट्री अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ । उल्लेखित सामग्रीहरु खरिद तथा उपलब्ध गराउन लाग्ने सम्पूर्ण खर्च सेवा प्रदायकले आफूले कबोल गरेको सेवा शुल्कबाटै व्यवस्थापन गर्नुपर्नेछ । उक्त प्रयोजनका लागि सेवाग्राहीबाट थप रकम दाबी गर्न पाइनेछैन ।

२. मिति २०८२ साउन १ देखि लागू हुने गरी नेपाल सरकारद्वारा मिति मिति २०८२।०४।०५ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिमको न्युनतम पारिश्रमिक , सेवा तथा सुविधाको दर रेट बमोजिम बोलपत्रदाताले दर रेटको विस्तृत विवरण(Breakdown) पारिश्रमिक, सेवा सुविधा, सेवा शुल्क तथा अन्य सम्बन्धीत खर्चहरु स्पष्ट खुल्ने गरी छुट्टै तालिका तयार गरी बोलपत्रसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।अन्यथा बोलपत्र मूल्यांकनमा समावेश गरिनेछैन ।

३. दुई वा सोभन्दा बढी बोलपत्रदाताले कबोल गरेको रकम समान भएमा कार्यअनुभव तथा विगत तीन आर्थिक विगत तीन आर्थिक वर्ष (आ.व. २०७९।०८०,आ.व.२०८०।०८१ तथा आ.व. २०८१।०८२) वर्षको आर्थिक कारोबारलाई मूल्याङ्कनको आधार मानी बोलपत्र स्वीकृत गरिनेछ। यस प्रयोजनका लागि बोलपत्रदाताले उल्लेखित विगत तीन आर्थिक वर्ष (आ.व. २०७९।०८०,आ.व.२०८०।०८१ तथा आ.व. २०८१।०८२)को आर्थिक कारोबार प्रमाणित हुने लेखापरीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र, कर विवरण तथा सम्बन्धित निकायबाट जारी गरिएका अन्य आवश्यक प्रमाणित कागजातहरू बोलपत्रसाथ अनिवार्य रूपमा पेस गर्नुपर्नेछ। अन्यथा बोलपत्र मूल्यांकनमा समावेश गरिनेछैन ।

४. यस अस्पतालमा सार्वजनिक बिदा र साप्ताहिक बिदाको दिनमा काम गर्नुपर्ने भएकोले सोही अनुसार मिति २०८२ साउन १ देखि लागू हुने गरी नेपाल सरकारद्वारा मिति मिति २०८२।०४।०५ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिमको न्युनतम पारिश्रमिक , सेवा तथा सुविधाको दर रेट विवरणको आधारमा Bill of Quantity पेश गर्नुपर्नेछ ।

५. पेश भएको BOQ मा उल्लेखित रकमको मुल्यांकन गर्दा दशमलव पछि दुई अंक मात्र लिई हिसाब गरिनेछ

डा.चितरन्जन साह

(नि. प्रमुख मेडिकल सुपेरिटेन्डेनट)

निमित प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट